STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख ११ गते आइतबार ❑ 24 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## वैशाख ११ र १२ गते उम्मेदवारीको मनोनयन

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**

यही वैशाख ३० का लागि तोकिएको स्थानीय तहको निर्वाचनको सबै तयारी निर्वाचन कार्यतालिका बमोजिम व्यवस्थित र प्रभावकारी ढङ्गले भइरहेको निर्वाचन आयोगले जनाएको छ।

देशका ७५३ वटै स्थानीय तहहरूमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूको कार्यालय स्थापना भई कार्यसञ्चालन र मतदान केन्द्रमा प्रयोग हुने सामग्री पठाउने कार्य निरन्तर भइरहेको आयोगले आज आयोजना गरेको विशेष पत्रकार सम्मेलनमा जानकारी दिइयो।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासहित सबै आयुक्तहरू उपस्थित पत्रकार भेटघाटमा आयोगले गत चैत ४ मा स्वीकृत गरेको निर्वाचन कार्यक्रमअनुसार यही वैशाख ११ र १२ गते दुई दिन उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, वैशाख १२ गते मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, वैशाख १३ गते उम्मेदवारको विरोधमा उजुरी दिने तय गरिएको छ। वैशाख १४ र १५ गते मनोनयनपत्र जाँच गर्ने तथा उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने, वैशाख १५ गते मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, वैशाख १६ गते उम्मेदवारले नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने तथा वैशाख १७ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेको पत्रकार सम्मेलनामा जानकारी दिइयो।

समयमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी उम्मेदवारको मनोनयन दर्ता गर्न सक्ने भएकाले यसबाट उम्मेदवारको मनोनयन दर्ता प्रक्रिया सहज, सरल र शान्तिपूर्णरूपमा समयमा नै सम्पन्न हुने विश्वास आयोगले लिएको छ। दलहरूको गठबन्धनका आधारमा उम्मेदवारी हुने हुँदा उम्मेदवारी नहुने दलको निर्वाचन चिह्न मतपत्रमा समावेश नगर्न केही दलबाट आग्रह आएको भन्ने पत्रकारहरूको प्रश्नको जवाफमा प्रमुख आयुक्त थपलियाले मतपत्र छपाइ सुरु भइसकेकाले प्राविधिक र व्यवहारिकरूपमा त्यस्तो गर्न नसकिने स्पष्ट गर्दै कानुनमा व्यवस्था नभएकाले गठबन्धनलाई आयोगले नचिन्ने जनाउनुभयो। उहाँले कूल छ हजार ७४३ प्रकारका मतपत्र छपाई गर्नुपर्ने र वैशाख २६ गतेभित्र सबै मततदान केन्द्रमा पुऱ्याइसक्नुपर्ने भएकाले पनि उम्मेदवारी नपर्ने दलको चिह्न हटाउन सम्भव नहुने बरु विद्युतीय मतदानको प्रबन्ध गराइएमा आगामी दिनमा त्यस्ता विषय व्यवस्थित गर्न सकिने उहाँको भनाइ थियो। कुनै उम्मेदवारले जुन दलको निर्वाचन चिह्न प्रयोग गरेर सम्बन्धित दलले मनोनयन दर्ता गराउँछ निज उम्मेदवार सोही दलको उम्मेदवार हुने पनि उहाँले स्पष्ट गर्नुभयो। प्रमुख आयुक्त थपलियाले निर्वाचन आचारसंहिताको कार्यान्वयनका क्रममा सामाजिक सञ्जाललाई नियमन र व्यवस्थित गर्न आयोगले चाँडै थप निर्णय गर्ने जानकारी पनि दिनुभयो। आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गर्नुभएको विज्ञप्तिमा निर्वाचनमा चुन्ने र चुनिन पाउने नागरिक अधिकारलाई उच्च सम्मान गर्दै स्वच्छ, स्वतन्त्र र भयमुक्त वातावरणमा आ-आफ्नो मनोनयनपत्र दर्ता गर्ने आम नागरिकको नैसर्गिक अधिकार सुनिश्चित गर्न आयोग सधैँ प्रतिबद्ध रहेको जनाइएको छ। कानुनले तोकेको योग्यता पूरा गर्ने सबै मतदाताले आफूले चाहेको पदमा उम्मेदवारी दिनसक्ने वातावरणको सिर्जना गरिदिन आयोग सबै राजनीतिक दल, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, स्थानीय प्रशासन, सुरक्षा निकाय, नागरिक समाज, आमसञ्चार क्षेत्रलगायत सम्बन्धित सबै सरोकारवालामा आयोगले आग्रह गरेको छ। नेपालको संविधानले निर्वाचनमा लैङ्गिक तथा समावेशी सिद्धान्तलाई आत्मसाथ गरी निर्वाचनका सबै पदहरूमा समावेशी प्रतिनिधित्व हुनुपर्ने व्यवस्थाअनुरुप आयोगले यसअघि नै निर्वाचनमा भाग लिने सबै राजनीतिक दलहरूलाई १७ बुँदे निर्देशनसमेत जारी गरिसकेकाले निर्वाचनमा मुलुकको सामाजिक विविधता प्रतिविम्बित हुने गरी सहभागिता र प्रतिनिधित्वका लागि वैशाख ११ र १२ गते हुने उम्मेदवारको मनोनयन दर्ता गर्दा नेपालको संविधानको धारा ३८ को उपधारा (४) मा भएको राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने तथा धारा ४२ को सामाजिक न्यायको हक कार्यान्वयनमा विशेष संवेदनशील हुन आग्रह गर्दै यो निर्वाचन महिला एवं समावेशी सहभागिता र प्रतिनिधित्वको दृष्टिले उल्लेखनीय हुने विश्वास आयोगको रहेको छ।

"स्थानीय तहका सदस्यको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र मितव्ययी बनाउने विशेष जिम्मेवारी निर्वाचनमा भाग लिने राजनीतिक दल तथा उम्मेदवारको हुन्छ भन्ने कुरा निर्विवाद छ", विज्ञप्तिमा भनिएको छ, "आयोगले जारी गरेको निर्वाचन आचारसंहिता, २०७८ र ६० बुँदे निर्देशनप्रति पूर्ण प्रतिबद्धता जनाएका राजनीतिक दलका उम्मेदवारले यसको अक्षरशः पालना गर्नेमा आयोग आश्वस्त रहेको छ।" राजनीतिक दल तथा उम्मेदवारले निर्वाचनका बेला गर्न पाउने र नपाउने कार्यहरू स्पष्टरूपमा उल्लेख गरिएका छन्। आचारसंहिताविपरीत हुने गरी कुनै स्थानमा कुनै दलको झण्डा वा चिह्न राखिएको भए सम्बन्धित दलले तत्काल हटाउन, राजनीतिक दल वा उम्मेदवारबाट हुने कुनै पनि आमसभा, जुलुस, ऱ्याली भेला, बैठक, घरदैलो, उम्मेदवारी दर्ता कार्यक्रम आदिमा र निर्वाचन अधिकृतको अनुमतिमा उम्मेदवारले प्रयोग गर्ने सवारीसाधनमा ३ह३ फिट साइजको दलको एउटा झण्डा र एउटा चुनावचिन्ह तथा उम्मेदवारको पहिचान खुलेको 'एफो साइज'को एक रङमा छापिएको विवरणबाहेक अन्य कुनै सामग्री प्रयोग नगर्न/ नगराउन स्मरण गराउँदै उम्मेदवारी दर्ता भएपछि यस्ता चिह्न भेटिएमा उम्मेदवारले राखेको ठानी आचारसंहिताको उल्लघङ्न भएको कसूरमा दलको उम्मेदवारलाई कारबाही हुने भएकाले सचेत रहन आयोगले भनेको छ।

जुलुस, आमसभा, ऱ्याली, बैठक आदिमा भाग लिने वा प्रचार-प्रसार गर्ने व्यक्तिले आचारसंहिताले तोकेको भन्दा विपरीत हुने गरी सम्बन्धित दलको निर्वाचन चिह्न वा झण्डा अङ्कित लागो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाएमा वा झोला बोकेमा सम्बन्धित व्यक्ति नै कारबाहीको भागीदार हुने भएको हुँदा यस्तो कार्यबाट सजग रहन आयोगले सबै मतदाताहरूमा अनुरोध गरेको छ।

उम्मेदवारीका लागि मनोनयनपत्र दर्ता गर्न जाँदा निर्वाचन आचारसंहिताले तोकेबमोजिमको आचरण पालना गरिदिन आयोग सबैमा हार्दिक अपिल गर्दछ। यदि आचारसंहिताविपरीतकार्यभए/गरेको पाइएमा आयोगले कानूनबमोजिम कारबाही हुने र यसबाट उम्मेदवारको उम्मेदवारी प्रक्रियामा नै गम्भीर असर पर्न सक्ने हुँदा समयमा नै सचेत रहन उम्मेदवार हुन चाहने सबै मतदातामा आयोगले जानकारी गराइएको छ।

## एमाले पोखरा मेयरमा पौडेल र उपमेयरमा गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**




नेकपा एमालेले स्थानीय तह निर्वाचनका लागि पोखरा महानगरपालिकाको मेयर र उपमेयरका उम्मेद्वार टुंगो लगाएको छ।

अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटमा शनिबार बसेको सचिवालय बैठकले पोखरा महानगरको मेयरमा दीपक पौडेल र उपमेयरमा हालकै उपमेयर मञ्जुदेबी गुरुङलाई नै उठाउने निर्णय गरेको हो।

पोखराको मेयरका लागि १२ जनाले दाबी पेश गरेका थिए। पौडेल लामो समय शिक्षक आन्दोलनमा जोडिएका थिए। उपमेयरको टिकट पाएकी मञ्जुदेवीले यो पटक उम्मेदवारीका लागि दावी नै पेश गरेकी थिइनन्। तर अरु ११ दाबेदारलाई छाडेर एमालेले उनलाई टिकट दिएको छ।

मेयरका लागि चयन भएका पौडेल पूर्व पोखरा महानगर कमिटी अध्यक्ष हुन् भने उपमेयरमा चयन भएकी गुरुङ वहालवाला उपमेयर हुन्।

## पोखरा २ मा निवार्चन सम्बन्धी प्रशिक्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**



स्थानिय वुद्धिजिवीहरु सहित कम्युनिष्ट पार्टी नेकपा एमालेका निवार्चन सम्बन्धी प्रशिक्षण कार्यक्रम शनिवार वडा नं २ मा सम्पन्न भयो।

वडा नं २ प्रसार प्रचार निवार्चन बिभागको संयोजक शुसिला पराजुलीलेको अध्यक्षतामा कार्यक्रम भएको थियो। कम्युनिष्ट पार्टी नेकपा का जिल्ला अध्यक्ष मन.व.गुरुङले निर्वाचनलाइ लडाईंको सज्ञा गरे। राष्टियता चाहाने र राष्टियता नचाहानेहरु बीचको पनि लडाईं रहेको अध्यक्ष गुरुङले भने। वडा इन्चार्ज दिननाथ सुवेदीले स्वागत मन्तव्य राख्दै २७ गते नै पाँच जना उम्मेदवारको नाम घोषणा गरी बैशाख १ गते देखि नै घरदैलो कार्यक्रमा सुरु गरिसकेको भने। कार्यक्रमका बिशेष अतिथि दिलिप न्यौपानेले जस्तोसुकै परिस्थितिमा जुट्नुपर्छ हामी फलामको चिउरा खाएर भनेपनि जित्नुपर्छ नेकपा एमालेले पाएको जिम्मेवार बाट कहिल्यैपनि पछि हटेको छैन भने। जनतालाई निरासा पनि पारेको छैन, वडा लगायत सम्पूर्ण तहमा एमालेको जित सुनिश्चित छ भन्दै न्यौपानेले बताए। वडा नं २ का वडा अध्यक्षका उम्मेदवार दिपक शाहाले आफ्नो प्रतिवद्धता व्यक्त गरे।

वाड २ वुद्धिजिवी परिषदका संयोजक लगायत वरिष्ठ वुद्धिजिवी परिषद सदस्यहरु जिल्ला, वडा सदस्यहरुले आफ्नो भनाई राखेका थिए। उक्त कार्यक्रमको निवार्चन प्रचार प्रसार संयोजक सचिव सरिता सुवेदीले सन्चालन गरेकी थिइन।

## छैटौं पोखरा स्पोर्ट्स अवार्ड असारमा हुने, तयारी सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा छैटौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड २०७८' आगामी असार पहिलो हप्ता हुने भएको छ।

खेलकुद पत्रकार मञ्च गण्डकीले नयाँ नेतृत्व पाएपछि बसेको दोस्रो बैठकबाट पोखरा स्पोर्ट्स अवार्ड २०७८ आगामी असार पहिलो हप्ता गर्ने निर्णय गरि तयारी सूरु गरिएको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए। अवार्ड कार्यक्रमलाई भव्य बनाउन सबैको साथ सहयोग आवश्यक रहेको अध्यक्ष दीनानाथ बरालको भनाई छ। 'हामीले छैटौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डलाई उत्कृष्ट बनाउन तयारि सुरु गरेका छौ, सबैको साथले कार्यक्रम भव्य बन्ने विश्वास छ' बरालले भने। मञ्चले लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र उत्कृष्ट खेल पत्रकारलाई अवार्ड वितरण गर्ने अध्यक्ष बरालले बताए। मञ्चको दोस्रो बैठकबाट आगामी जेठमा हुने तय भएको नवौ राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गरेर राष्ट्रिय स्तरको बृहत छलफल कार्यक्रम गर्ने निर्णय समेत भएको छ।







## हार्दिक बधाई



उप-प्राध्यापक ई. देउकाजी गुरुङ

यस संस्थाका प्रबन्ध निर्देशक उप-प्राध्यापक **ई. देउकाजी गुरुङ** ज्यू यही मिति २०७८ चैत्र २१ र २२ गते सम्पन्न नेकपा एमालेको जनसंगठन प्रोग्रेसिप इन्जिनियर्स एशोसिएसन नेपाल (पिन)को नवौं केन्द्रीय अधिवेशनबाट केन्द्रीय **उपाध्यक्ष पद**मा निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

**प्रगति इन्जिनियरिङ कन्सलटेन्सी परिवार**
**पोखरा**

# पुम्दीकोटमा जारी महायज्ञमा एक करोड ६१ लाख संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**

पर्यटकीय स्थल पोखरा २२ (पुम्दी-भुम्दी) को पुम्दीकोटमा जारी महायज्ञमा १ करोड ६१ लाख रुपैया संकलन भएको छ। पुम्दीकोट कोट विकास समितिको आयोजनामा शिव महापुराण एवं धार्मिक पर्यटन महोत्सव अर्न्तगत शनिबारसम्म उक्त रकम संकलन भएको महायज्ञका आर्थिक उपसमितिका सह-संयोजक निर्मल बरालले बताउनु भयो।

महायज्ञको सातौं दिन करिब ४० लाख रुपैया संकलन भएको समितिले जनाएको छ। महायज्ञमा पोखरा २२ लुकुन्स्वाँरा निवासी प्रभा बरालबाट ३ लाख ५ हजार ६ सय ६५, स्थानिय कलावती बरालबाट २ लाख ५५ हजार ५ सय ५५, पोखराका समाजसेवी प्रेम बहादुर जिसीबाट २ लाख ५० हजार सहयोग प्राप्त भएको छ। त्यसै गरी महायज्ञमा पोखरा ८ सिमलचौरका डा.आनन्द बहादुर श्रेष्ठबाट १ लाख ७० हजार, पोखरा ३ तेर्सापट्टी निवासी चिरन्जिबी योग माया ढ्वाबाट १ लाख १७ हजार, स्याङ्जा फेदीखोला हाल पोखरा पार्दी विरौटा निवासी घनश्याम शर्मा लामिछाने १ लाख ५ हजार ५ सय ५५, पोखरा २२ डाँडाथोक धनरुपा बरालबाट १ लाख १ हजार १ सय ११, पोखरा २२ लुकुनस्वाँराका चेतभक्त बरालबाट १ लाख १ हजार १ सय ११ रुपैया प्राप्त भएको छ। त्यस्तै महायज्ञमा पोखरा १७ विरौटाका नरपति देवकोटाले ५० हजार ५ सय ५५, पोखरा २२ स्वाँराका बिष्णु माया बरालबाट ५० हजार १ सय २५ रुपैया प्राप्त भएको सहसंयोजक बरालले जनाउनु भयो। शनिबार महायज्ञमा विहानै देखि बेलुकासम्म अत्याधिक भिड भएको समितिका उपाध्यक्ष हिमलाल बरालले बताउनु भयो।

नियमित चल्ने माइक्रो बस सहित शुक्रराज मावि र आमा घर पाठशालाको बसले शनिबार दिन भरी जसो यातायात सेवा निःशुल्क उपलब्ध गराएको आर्थिक उपसमितिका संयोजक डिल्लीराम बरालले बताउनु भयो। शनिबार भने सार्वजनिक बिदाको दिन भएकोले महायज्ञमा भक्तजनहरु पोखरा र पोखरा आसपासबाट ठुलो सङख्यामा उपस्थित भएको समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताउनु भयो। महायज्ञमा भागवत भाष्कर युवा पण्डित कमलनयन गौतमले कथा वाचन गर्दै आउनु भएको छ। पोखराको पार्दी विरौटा(बराल फिड) देखि पुम्दीकोटसम्म जाने बसको व्यबस्था गरिएको छ।

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बरालले पुम्दीकोट बिशाल महादेवको मुर्ति निर्माण अभियानलाई सफल पार्न सबैको साथ र सहयोग आवश्यक भएको बताउनु भएको छ। महायज्ञमा आमा धनरुपा बरालको नाममा एक लाख १ हजार सहयोग गर्दै मन्त्री बरालले पुम्दी भुम्दी सहित पोखराको नयाँ पर्यटकीय गन्तव्यको रुपमा विकास भएको बिशाल महादेवको मुर्तिका अपुरा कार्य पुरा गर्न सवै एक हुनु पर्नेमा जोड दिनु भयो।

पुम्दीकोटलाई धार्मिक तथा पर्यटकीय स्थलको रुपमा विकास गर्न समितिका अध्यक्ष चन्द्रकान्त बराल नेतृत्वको टोलीले पुराएको योगदानलाई मन्त्री बरालले प्रशंसा गर्दै उक्त अभियानमा सहयोग गर्नेहरु प्रति आभार समेत व्यक्त गर्नु भयो।

विशाल महादेवको मुर्ति अभियानमा थप आवश्यक पर्ने बजेट व्यबस्थापन गर्न मन्त्री बरालले राज्यको तर्फबाट थप सहयोग जुटाउन पुनः पहल गर्ने बताउनु भयो। बिशाल महादेवको मुर्ति निर्माण अभियान अर्न्तगत वडा देखि पुम्दीकोटसम्मको सडक पिचको लागि १२ करोडको टेण्डर भएर काम अघि बढेको उहाँले बताउनु भयो।

# जनकल्याण समितिमा शुभकामना तथा भित्तेपात्रो विमोचन

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**



नव वर्ष २०७९ को अवसरमा पोखरा महानगरपालिका वडा नं १३ वाभ्कापाटन स्थित जनकल्याण समितिको आयोजनामा शुभकामना आदन प्रदान एवं भितेपात्रो विमोचन कार्यक्रम शनिवार सम्पन्न भयो।

शुभकामना सँगै भितेपात्रो विमोचन गर्दै शिक्षाविद् नवराज थापाले समाजमा एक अर्का विच भावानात्मक सम्बन्ध सृजना गरी सवै मिलेर बस्नुभएकोमा खुशी व्यक्त गरे। जनकल्याण समितिका सल्लाहकार प्रा. तारा वरालले मानवमा आइ पर्ने हरेक समस्या र खुशीका साथ दिदै आएको समितिलाइ दिलै देखी प्रशंसा गरे। पोखरा वडा नं १३ पाटनवेसी स्थित तारा कुञ्ज बोडिङ्ग स्कूलका प्रधानाध्यापक गोविन्द गौतमले आँफु सदस्य भएको समितिले आँफैलाइ सम्झेकोमा खुशी व्यक्त गरे।

कार्यक्रममा सिद्ध सन्यासी डाँडा सामुदायिक बन उपभोक्ता समिति पोखरा १३ आर्वाका कार्यसमितिका सदस्य तथा सल्लाहकारहरुलाइ सम्मान गरियो। जनकल्याण समितिका अध्यक्ष देवराज वरालको अध्यक्षतामा भएको कार्यक्रममा जलेश्वर वहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष भिमवहादुर वराल,तीन अंम्चुरे टोल विकास संस्थाका अध्यक्ष वलवहादुर वराल लगायत वोलेको कार्यक्रममा समितिका द्धित्तिय उपाध्यक्ष विष्णु कार्कीले स्वागत र सचिव विनोद आचार्यले संचालन गरेका समितिका कोषाध्यक्ष गणेश आचार्यले पोखरापत्रलाइ वताए।

# प्रधानमन्त्रीसँग अमेरिकी सांसदको भेट

**रासस**
**काठमाडौं १० बैशाख**

प्रधानमन्त्री शेरबहादुर देउवासँग नेपाल भ्रमणमा रहेको अमेरिकी संसद् सदस्यहरुको प्रतिनिधिमण्डलले शनिबार शिष्टाचार भेट गरेको छ।

सांसद् कर्सटन गिलिब्रान्ड नेतृत्वको पाँच सदस्यीय प्रतिनिधिमण्डलले उहाँको सरकारी निवास बालुवाटारमा भेट गरेको हो। सो अवसरमा प्रधानमन्त्री र प्रतिनिधिमण्डलबीच बहुआयामिक नेपाल-अमेरिका सम्बन्धका विविध पक्षका साथै पारस्परिक हित र साझा चासोका विविध विषयमा विचार-विमर्श भएको परराष्ट मन्त्रालयले जनाएको छ।

नेपाल-अमेरिका मैत्री, दुवै देशका सरकार एवं ससंद् का साथै जनताबीच साझेदारी र सहकार्य प्रवर्द्धनबारेमा पनि विचार आदानप्रदान भएको थियो। प्रधानमन्त्री र प्रतिनिधिमण्डलबीच जलवायु परिवर्तनजस्ता विश्वव्यापी विषयहरुमा छलफल भएको थियो। परराष्ट्रमन्त्री डा नारायण खड्कासँग पनि उक्त प्रतिनिधिमण्डलले भेटवार्ता गरेको छ। भेटका बेला दुवै पक्षले आर्थिक विकासलगायत विभिन्न क्षेत्रमा सहयोग विस्तार गर्ने विषयमा विचार आदानप्रदान गरेका थिए।

दुवै पक्षबीच नेपाल-अमेरिका मैत्री दुई पक्षीय र बहुपक्षीय स्तरमा साझा चासोका मुद्दाबारे पनि छलफल भएको मन्त्रालयले जनाएको छ।

# जेठ २ गते कुवेत-भैरहवा सिधा जोडिँदै

**काठमाडौं**
**रासस, १० बैशाख**

आगामी जेठ २ गते अर्थात् बुद्ध जयन्तीका दिन जजिरा एयरलाइन्सको जहाजले कुवेत-भैरहवा सिधा जोड्ने भएको छ। उक्त उडानका लागि आवश्यक गृहकार्य तयारी भइरहेको छ। बिहीबारदेखि सञ्चालनमा आएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट जजिरा एयरलाइन्स पहिलो व्यावसायिक उडान भर्ने विदेशी एयरलाइन्स हुने भएको छ।

आगमी जेठ २ गते बुद्ध जयन्तीका दिन उक्त एयरलाइन्सले कुवेतबाट सिधै गौतमबुद्ध विमानस्थलसम्म उडान भर्ने अनुमति पाएको छ। यसैगरी उक्त एयरलाइन्सले सोमबार, बुधबार र शुक्रबार गरी हप्तामा तीन दिन उडान गर्ने अनुमति लिएको नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीपकुमार अधिकारीले जानकारी दिनुभयो। प्राधिकरणले गौतमबुद्ध विमानस्थलबाट जेठ २ गते औपचारिकरूपमा अन्तर्राष्ट्रिय उडान थाल्ने कार्यक्रम तय गरेको छ। सोही दिनदेखि व्यावसायिक उडान गर्न प्राधिकरणमा हालसम्म जजिरा एयरले मात्र अनुमति लिएको बताइएको छ।

यसैगरी अन्य वायुसेवा कम्पनीले पनि उडानका लागि चासो देखाइरहेको महानिर्देशक अधिकारीले बताउनुभयो। उहाँले भन्नुभयो, "भैरहवाबाट जजिराले पहिलो अन्तर्राष्ट्रिय उडानका लागि अनुमति पाएको छ, अन्य एयरलाइन्सले पनि उडानका लागि चासो देखाइरहेका छन्।" भैरहवाबाट कुवेत जानका लागि नेपालबाट ३० जनाले टिकट बुकिङ गरिसकेका छन्। प्राधिकरणले सो विमानस्थलबाट उडान गर्ने एयरलाइन्सलाई विशेष छुट दिने घोषणासमेत गरेको छ। त्यसका लागि प्राधिकरणले समितिसमेत बनाइसकेको छ। समितिले रिपोर्ट बुझाएपछि कतिसम्म छुट दिने र कहिलेसम्म दिने भन्ने विषयको निर्णयमा पुगिने महानिर्देशक अधिकारीको भनाइ छ। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल बिहीबारदेखि विधिवतरूपमा सञ्चालनमा आएको छ। विमानस्थलको पुरानो एक हजार ५०० मिटर लामो धावनमार्ग बन्द गरेर अन्तर्राष्ट्रियतर्फको तीन हजार ५०० मिटर लामो नयाँ धावनमार्ग सञ्चालन गरिएको छ। सो विमानस्थलमा न्यारोबडी र वाइडबडी दुवै जहाजले उडान र अवतरण गर्नेछन्। यो विमानस्थलमा यान्त्रिक परीक्षण उडान सम्पन्न भइसकेको छ। सन् २०१७ डिसेम्बरभित्र निर्माण सक्ने गरी सन् २०१५ को सुरुआतमा निर्माण थालनी भएको विमानस्थलको काम बीचमा ठेकेदार कम्पनीको लापरवाहीले रोकिएको थियो। पछिल्लोपटक सन् २०२० को मार्चसम्म निर्माण सक्ने योजना रहे पनि कोभिड-१९ महामारीका कारण करिब पाँच वर्षपछि विमानस्थल व्यावसायिकरूपमा सञ्चालनमा आएको हो। विमानस्थल चिनियाँ कम्पनी नर्थवेस्ट सिभिल एभिएशन कन्स्ट्रक्शन ग्रुपले निर्माण गरेको हो।

# 'लेख्छ देशको खबर' नारा सहित 'सुनगाभा न्यूज' सञ्चालनमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**



भिजन गण्डकी नेटवर्क प्रालिले शनिबार देखि सुनगाभा न्यूज डट कम सञ्चालनमा ल्याएको छ।

'लेख्छ देशको खबर' नारा सहित आज देखि आधिकारिक रुपमा न्यूज पोर्टल साइट सुनगाभा न्यूज डट कम सञ्चालनमा ल्याएको हो। नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष तथा वरिष्ठ पत्रकार नारायण कार्कीले पोखरा महानगरपालिका ९ पृथ्वीचोक स्थित पोखरामलमा रहेको कार्यालय सँयुक्त रुपमा उद्घाटन गरे। सो अवसरमा बोल्दै प्रमुख अतिथि समेत रहेकी भण्डारीले सफलताको शुभकामना व्यक्त गरिन्। उनले पछिल्लो समय पीत पत्रकारिता मौलाइरहेको उल्लेख गर्दै गुणस्तरीय र मर्यादित पत्रकारिता गर्न आग्रह गरिन्। अध्यक्ष भण्डारीले पोखराको पत्रकारीताको मात्रै नभइ केन्द्रको पत्रकारिताको समेत उदहरण बन्नुपर्नेमा जोड दिएकी थिईन्। यसैगरी वरिष्ठ पत्रकार नारायण कार्कीले पत्रकारिताको क्षेत्र फराकिलो रहेको बताउदै समाजलाई निष्पक्ष सुचना प्रवाह गर्न सुझाव दिए। उनले पत्रकारिता निश्चित क्षेत्र नरहेको बताउदै खोज पत्रकारिताको पक्षमा काम गर्नुपर्नेमा जोड दिए। पत्रकार कार्कीले पत्रकारिताको मर्म र धर्मलाई आत्मसाथ गर्दै लक्षित समुहलाई तथ्य, सत्य र निष्पक्ष सुचना संप्रेषण गर्नुपर्ने धारणा राखेका थिए। भिजन गण्डकी नेटवर्क प्रालिका अध्यक्ष किसान सुनारले मल्टिमिडियाको अवधारणा अनुसार पहिलो चरणमा न्यूज पोर्टल साइट 'सुनगाभा न्यूज' सञ्चालनमा ल्याईएको जानकारी दिए। उनले परिवर्तित समयलाई मध्यनजर गर्दै आगामी दिनमा अनलाईन टिभी तथा मल्टिमिडियासँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रमा समेत लगानी गर्ने बताए। नव वर्ष २०७९ को आगमनसँगै सञ्चालनमा आएको सुनगाभाले स्कुपसँगै आवाज बिहिनको आवाजलाई उनीहरुकै प्रश्न सम्बन्धित व्यक्ति वा निकायलाई सिधै राख्न मिल्नेगरी 'प्रश्नै-प्रश्न' कार्यक्रम समावेश गरेको छ। यसैगरी समाज, कला, खेलकुद, बजार, राजनीति, विचार र कुराकानीलाई स्थान दिएको छ। उक्त न्यूज साइटको सम्पादकमा दीपक. के. श्रेष्ठ रहेका छन्।

**स्वदेशी उत्पादन, उद्योग र व्यवसायलाई प्रबर्द्धन गरौं।**

- स्वदेशी उत्पादनको प्रयोगमा जोड दिऔं,
- स्वदेशी उद्योग व्यवसायलाई प्रोत्साहन र प्रबर्द्धन गरौं,
- रोजगारीको श्रृजना हुनेखालका उद्योग व्यवसाय खोलौं,
- युवा जनशक्तिलाई विदेशिनबाट रोकौं,
- बिलासिताका वस्तुको प्रयोगमा कमी गरौं,
- फजुल खर्च नगरौं,
- देशको अर्थतन्त्रमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
- पल क्लिथेरोई

## सम्पादकीय

# आचारसंहिता पालना गराउने संयन्त्र बनाऊ

नयाँ संविधान लागू भए पछि दोस्रोपटक स्थानीय तहको निर्वाचनका लागि आज मनोनयन शुरु हुँदैछ ।बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा उमेदवार हुन दुई दिनको समय दिइएको छ। स्थानीय निर्वाचनको माहौल बढाउने काम मिडियाले गरेका छन।मिडियामा चुनाव र उमेदवारप्रति जनचासो बढाउने काम भएको छ। मिडियामा संख्यात्मक र गुणात्मक दुवै आयाममा बढोत्तरी छ। राजधानी र ठूला शहर , जिल्ला-विशेषमा केन्द्रित रहेर पत्रपत्रिका, रेडियो, केबल टेलिभिजन, अनलाइन सञ्चालन गर्ने गरेको भए पनि तीन तहको संघीयतासँगै विशिष्टिकृत मिडियाको सञ्चालन पालिका-विशेषमा पनि पुगेको छ।

नेपालमा गाउँपालिका वा नगरपालिका क्षेत्रमा मात्रै केन्द्रित रहेर सञ्चालन गरिएका समाचार-माध्यम पनि थुप्रै छन्। स्थानीय निर्वाचनका समयमा यस्ता ससंचार-माध्यमको संख्या बढ्नु स्वभाविक हुन्छ । स्वच्छ निर्वाचनको प्रत्याभूतिका लागि मिडियाको स्वतन्त्र, निष्पक्ष एवं प्रभावकारी भूमिका आवश्यक हुन्छ । मतदाताको अधिकारको दृष्टिकोणबाट, राजनीतिक पार्टी र उम्मेदवारको अधिकारको दृष्टिकोणबाट र मिडियाको स्वतन्त्रताको दृष्टिकोणबाट निर्वाचनमा मिडियाको भूमिकालाई आकलन गर्ने गरेको छ।

लोकतान्त्रिक प्रणालीमा आवधिक निर्वाचनको औचित्य सुसूचित जनसमुदायको विवेकपूर्ण निर्णयमा निर्भर रहन्छ। जनसमुदाय सुसूचित बन्नका लागि मिडियाले सूचना स्रोत साथसाथै विचार अभिव्यक्तिको मञ्चका रूपमा कार्य गर्नुपर्ने हुन्छ। राजनीतिक पार्टी र उम्मेदवारको अधिकारको दृष्टिकोणबाट हेर्दा मिडियाले राजनीतिक पार्टी, तिनीहरूका उम्मेदवार र स्वतन्त्र वा निर्दलीय उम्मेदवारलाई मतदातासँग संवाद गर्न अवसर दिन्छ।

मिडियामार्फत राजनीतिक पार्टी र उम्मेदवारको सर्वसाधारण एवं आफ्ना मतदातासम्म व्यापक पहुँच सम्भव हुन्छ। मिडिया स्वतन्त्र, निष्पक्ष र लोकतान्त्रिक चरित्र अवलम्बन गरेको भएमा मात्र निर्वाचनमा सार्थक भूमिका रहन्छ। अन्यथा मिडियाले जनतालाई सुसूचित गर्नुपर्ने कर्तव्य पूरा गर्न सक्दैन। निर्वाचनको समयमा राजनीतिक पार्टी र उमेदवारप्रति नकारात्मक टिप्पणी गर्ने, अनर्गल आरोप लगाउने काम हुन्छन्। सामाजिक संजालमा आएका कुरालाई समाचार मान्ने र त्यसलाई भाइरल बनाउने काम हुन्छ। अरुको चरित्र हत्या गरेर रमाइरहेका ब्यक्ति, समुहको खेती फस्टाउने बेला यही हो।

निर्वाचन आयोगले जारी गरेको आचारसंहितामा जे गर्न हुँदैन भनिएको छ त्यही बढी हुन्छ । राजनीतिक दल, उमेदवार, सरकार र मतदाताले समेत आचारसंहिता पालना गरे नगरेको निर्वाचन आयोगले अनुगमन गर्नुपर्छ । आचारसंहिता पालना गराउन निर्वाचन आयोगको सकृयता आवश्यक हुन्छ।

# निर्वाचन सामग्री व्यवस्थापनमा जुट्यो निर्वाचन कार्यालय

**पोखरापत्र संवाददाता**
**दमौली, १० बैशाख**

आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि तनहुँमा एउटा मतदान केन्द्रमा ५८ वटा निर्वाचन सामग्री प्रयोग हुने भएको छ।

निर्वाचनको मिति नजिकिँदै जाँदा जिल्ला निर्वाचन कार्यालय यतिबेला सामग्री व्यवस्थापन गर्न जुटेको छ । निर्वाचनका लागि आवश्यक सामग्रीको व्यवस्थापन भइरहेको निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचनका लागि आवश्यकपर्ने बाक्सा र कर्मचारी व्यवस्थापनको काम भइरहेको छ । "केही बाक्सा हामीसँग पहिल्यै छ, नपुग भएका बाक्सा निर्वाचन आयोगबाट आउँछ", उहाँले भन्नुभयो, "अन्य सामग्री पनि व्यवस्थापन गरिरहेका छौँ।"

निर्वाचन अधिकारी ढकालका अनुसार निर्वाचन सामग्री व्यवस्थापनसँगै कर्मचारी खटनपटनका लागि विवरण सङ्कलनको काम अन्तिम चरणमा पुगेको छ । "सबै पालिकामा निर्वाचन अधिकृतको कार्यालय खुलिसकेको छ, अब मतदान केन्द्र र सहायक मतदान अधिकृत तोकेर २७ गतेभित्र सम्बन्धित मतदान केन्द्रमा पठाइसक्छौँ", उहाँले भन्नुभयो।

जिल्लामा छ राष्ट्रिय र १७ क्रियाशील गरी कूल २३ राजनीतिक दलले निर्वाचनमा भाग लिनेछन्।

# लोकतन्त्र दिवस

**रासस**
**काठमाडौं, १० बैशाख**

१६औँ लोकतन्त्र दिवस विभिन्न कार्यक्रम आयोजना गरी आज देशभर मनाइँदैछ । विसं २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले आन्दोलनरत दलको मार्गचित्रबमोजिम विसं २०५९ जेठ ८ गते विघटन भएको संसद् पुनर्स्थापना गर्नुभयो । विसं २०६४ देखि देशभर लोकतन्त्र दिवस मनाउन थालिएको हो।

विसं २०५९ असोजमा संसद् विघटनपछि सशस्त्र द्वन्द्वका कारण निर्वाचन हुन सकेन । निर्वाचन नभएपछि राजाले इच्छा लागेका मानिसलाई प्रधानमन्त्री बनाउने र हटाउने शृङ्खला चल्यो।

राजा ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा गरी तीन जनालाई प्रधानमन्त्री बनाउँदै हटाउँदै गर्नुभयो। विसं २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नै हातमा लिनुभएपछि आन्दोलनरत सात दल र तत्कालीन सशस्त्र युद्धरत नेकपा (माओवादी)बीच १२ बुँदे समझदारी भयो।

विसं २०६२ मङ्सिरमा १२ बुँदे समझदारीका माध्यमबाट तीन ध्रुवमा विभाजन भएका राजनीतिक शक्ति दुई ध्रुवमा आएपछि आन्दोलनले गति लियो । २०६२ फागुनदेखि पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सुरु भएको निर्णायक आन्दोलनले चैतमा गति लियो । नयाँ वर्षसँगै लाखौँ जनता सडकमा आए। चक्रपथ मानवसागरले भरिएपछि राजा ज्ञानेन्द्र दलहरूको मार्गचित्रमा सहमत हुनुभयो। आन्दोलनरत दलले गरेकै मस्यौदाका आधारमा राजा ज्ञानेन्द्रले वैशाख ११ गते राति संसद् पुनर्स्थापनाको घोषणा गरी बैठकसमेत आह्वान गर्नुभयो। यसैले यस दिनलाई लोकतन्त्र दिवस भनिन्छ । यो दिन नै गणतन्त्रको जगका रूपमा स्थापित बन्यो।

विसं २०६३ जेठ ४ गतेको संसद्ले राजदरबारको अधिकार कटौती गर्दै राजसंस्थालाई निलम्बन गऱ्यो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने सङ्कल्प प्रस्ताव पारित गरेको थियो। यसलाई नेपाली म्याग्नाकार्टा पनि भनिन्छ। यसैको जगमा विसं २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्षे राजसंस्थाको विधिवत् अन्त्य गऱ्यो। पहिलो संविधानसभाले संविधान जारी गर्न नसके पनि धेरै काम गरेको थियो।

विसं २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले २०७२ साल असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो । संविधानबमोजिम तीनै तहको निर्वाचन सम्पन्न भई आन्दोलनको बलमा बनेको संविधान कार्यान्वयन भयो। जसअनुसार सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले शासन सञ्चालन गरेका छन् । यो परिवर्तनको प्रवेशद्वार भएकाले वैशाख ११ गतेलाई लोकतन्त्र दिवसका रूपमा मनाउने गरिएको छ।

# नयाँ वर्षमा शुभकामना आदान प्रदान तथा आन्तरिक फुटसल

**पोखरापत्र संवाददाता**
**पोखरा, १० बैशाख**



पोखरा चिप्लेढुंगा स्थित सर्वेश्वर ब्यवसायी समितिले नयाँ वर्ष २०७९को उपलक्ष्यमा शुभकामना आदान प्रदान तथा आन्तरिक व्यवसायी बिच मैत्रिपूर्ण फुटसल कार्यक्रम सम्पन्न गरेको छ।

समितिको वार्षिक कार्यक्रम अन्तर्गत पोखरा गणेश टोल स्थित स्पोर्ट क्यासलमा आयोजना गरिएको कार्यक्रम मा प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं ४ का वडा अध्यक्ष शंकर बास्तोला थिए। कार्यक्रममा वडा अध्यक्ष बास्तोलाले ब्यवसायी को हकहित का लागी आँफु सधै लागि परेको बताए। उनले वडानं ४ मा धेरै काम गर्न बाँकी रहेको ले फेरी आफ्नै नेतृत्व वडामा आवश्यक रहेको दावी गरे।

कार्यक्रमका बिशेष अतिथि पोखरा उद्योग वाणिज्य संघ का वरिष्ठ उपाध्यक्ष पवन कुमार प्रजापतिले पोखरा उद्योग वाणिज्य संघले ब्यवसायी का हक अधिकार र संरक्षण मा धेरै महत्वपूर्ण काम गरेको बताउँदै चिप्लेढुंगा एरियालाई बिभिन्न ब्यवसाय को हव बनाउने प्रतिवद्धता ब्यक्त गरे।

सर्वेश्वर व्यवसायी समिति पोखरा ४ का अध्यक्ष बालकृष्ण भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा महासचिव मुक्ती राम दहालले कार्यक्रम सञ्चालन गरेका थिए । कार्यक्रमको मुख्य प्रायोजक महालक्ष्मी बिकाश बैंक रहेको थियो । कार्यक्रमका संयोजक समिति का उपमहासचिव माधवराज बराल रहेका थिए। ब्यवसायी बीचको मैत्रीपूर्ण फुटसल प्रतियोगिताका बिजयी समुहलाई प्रमुख अतिथिले पुरस्कार प्रदान गरेका थिए । हरेक वर्ष समितिद्वारा ब्यवसायी बिचको सम्बन्ध सुमधुर बनाउन यस प्रकारको कार्यक्रम गर्दै आईएको उपमहासचिव माधव राज बरालले जानकारी दिए।

# संस्कृति हेर्न पोखरीछाप

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १० बैशाख**



बाह्रमासे घाँटु होस् या झोर्रा गीत । कोइरालोको स्वाद लिँदै स्थानीय लोक भाकामा रमाउन स्याङ्जाको कोल्मास्थित पोखरीछाप पुग्नुपर्छ। पुतलीबजार नगरपालिका-९ मा रहेको पोखरीछाप सामुदायिक होमस्टेमा रैथाने परिकार मात्रै पाइँदैन, परापूर्वकालदेखिको संस्कृति समेत अवलोकन गर्न पाइन्छ।स्याङ्जाकोप्रगतिनगरबाट झण्डै १० किलोमिटर उत्तर सहस्राब्दी पदयात्रा, जसको नामले सुझाव दिन्छ नयाँ सहस्राब्दीको शुरुवातबाट सुरु भएको पदयात्रा मार्ग हो; द्द्द्द्द र नेपालको पश्चिमी भागमा नयाँ अन्वेषण गरिएको होमस्टे (गाउँ-देखि-गाउँ) ट्रेकिङ ट्रेल मध्ये एक हो। यो पदमार्ग तनहुँको दुलेगौंडादेखि स्याङ्जा जिल्लाको रामबाछासम्म जान्छ। यो गण्डकी प्रदेशको मध्य पहाड हुँदै जाने पदयात्रा मार्ग हो।

४२० मिटरको उचाइबाट सुरु भएको यो पदयात्रा मार्ग समुद्री सतहबाट १७०९ मिटरको उचाइसम्म पुग्छ। यसलाई मध्य पहाडी रिज-लाइन ट्रेक पनि भनिन्छ र यो पोखराको दक्षिणपूर्व र पर्खाल बजारको उत्तरपूर्वमा अवस्थित छ । कान्जिरोबादेखि गणेश हिमालसम्मका हिउँले ढाकिएको हिमालको सुन्दर परिदृश्यमा विविधता र अत्यन्तै मनमोहक दृश्यहरू यस पदयात्राको प्रमुख आकर्षण हुन्। यस क्षेत्रका मुख्य बासिन्दा गुरुङ, ब्राह्मण, क्षेत्री र मगर रहेकाले यो क्षेत्र जातीय विविधताका साथै सांस्कृतिक रूपमा पनि धनी छ।

पदयात्रा मार्गका केही दर्शनीय गन्तव्यहरूमा ढोरबाराही मन्दिर, सहस्राब्दी गुफा- जुन अद्वितीय भूमिगत झरनाहरू भएको पूर्ण प्राकृतिक गुफा हो, प्राचीन मन्दिरहरू, गुम्बाहरू र ऐतिहासिक किल्लाहरूमा रहेको रहस्यमय गुफाहरू समावेश छन । यो पदयात्राले पदयात्रीहरुलाई नेपाली संस्कृति सिक्ने अनौठो अवसर पनि प्रदान गरेको छ । पदयात्राका क्रममा पर्यटकहरूले घाटु, सोरठी, कौडा, सलाइजो, झोरा, थाडो भाका, कृष्णचरित्र लगायतका सांस्कृतिक गतिविधिको आनन्द लिन सक्नेछन् । अधिकांश पदयात्रीहरूका लागि एउटा प्रमुख चिन्ताको विषय हो- यस ट्रायलमा सबैभन्दा उच्च उचाइ १६०२ मिटर भएकाले यहाँ पदयात्राको उचाइ पनि कम समस्या हो। यो पदयात्राले आगन्तुकहरूलाई तनहुँ र स्याङ्जा जिल्लाका ३० भन्दा बढी रंगीन गाउँहरू अवलोकन गर्ने र रमाइलो गर्ने अवसर पनि प्रदान गर्दछ। यो एकदमै तनावमुक्त पदयात्रा मार्ग हो र राम्रो शरीर भएको जो कोहीले पनि उमेरको ख्याल नगरी ट्रेकिङ गर्न सक्छन्।

यदि तपाईं होमस्टेमा बसेर स्थानीय संस्कृति र अभ्यासहरूको आनन्द लिई स्थानीय मानिसहरूसँग प्रकृतिको यात्रा गर्न चाहनुहुन्छ भने, यो पदयात्रा तपाईंको लागि निश्चित छ।


## तपाईको आज


| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शारीरिक झमेला | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

## आर्कषक घडेरी बिक्रीमा

लेखनाथ-३१ महोरिया बेगनास ताल नजिक अवस्थित आकर्षक घडेरी बिक्रीमा छ।
क्षेत्रफलः १८ X४० को प्रति हात
२ लाख ६० हजार
३० X४० को प्रति हात
२ लाख ५० हजार
सम्पर्कः
९८१६१३४९६३

## सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

